kmfg= g= )(^–$!)!$$
km\ofS;= g= )(^–$!))$*
Email:- info@ddcdadeldhura.gov.np

नेपाल सरकार

## सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय

## डडेल्धुरा

प.सँ. २०७३/०७४
च.नँ.

मिति २०७३/०९/०७

**विषय:- जि.वि.स. बोर्ड बैठकका निर्णय पठाएको बारे ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
ग्रामिण विकास समन्वय शाखा
सिँहदरवार, काठमाण्डौ ।

उपर्युक्त विषयमा आ.ब. २०७३/०७४ का लागि यस जि.वि.सको विभिन्न मितिमा बसेको बोर्ड बैठकबाट पारित निर्णयहरु उतार गरी निंदेशनानुसार आवश्यक कार्यार्थ एवं जानकारीका लागि पठाईएका व्यहोरा अनुरोध गरिन्छ ।

........................

## मिति २०७३/०४/०२ गते बसेको जि.वि.स. बोर्ड बैठकबाट पारित निर्णयहरु

निर्णय नं. १

मिति २०७३/०३/३० गते बसेको जिल्ला स्तरीय राजश्व परामर्श समितिको बैठकबाट जिल्ला विकास समितिको आन्तरिक आय संकलनका लागि सिफारिस भई आए बमोजिम संकलित आयको ६० प्रतिशत जि.वि.स. र ४० प्रतिशत उ.वा.संघ डडेल्धुराले पाउने गरी जिल्ला विकास समिति डडेल्धुरा र उद्योग बाणिज्य संघ, डडेल्धुरा विच सम्भौता गरी निर्णय कार्यान्वयनका लागि जि.वि.स.को कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

## मिति २०७३/०४/१९ गते बसेको जि.वि.स. बोर्ड बैठकबाट पारित निर्णयहरु

निर्णय नं. १

जिल्ला विकास समितिको स्वामित्वमा रहेको किर्तिपुर स्थित भवन लगायतका संरचनाहरु विगत लामो समय देखि जिल्ला विकास समिति र UN Agency विच सम्भौता भई UN Agency हरुले उक्त भवन लगायतका संरचनाहरु भाडामा प्रयोग गर्दै आई रहेकोमा हाल केही UN Agency हरुको कार्यक्षेत्र यस जिल्लामा कम हुन गएकेले बाहिरिएको हुंदा उक्त संरचनाहरु मध्ये एउटा भवन मात्र UNICEF को कार्यालयले प्रयोग गर्दै आई रहेको र बाकी ३ वटा भवनहरु खाली रहन गएको तथा जिल्ला विकास समितिको आन्तरिक आय पनि घटदै गएको अवस्थामा उक्त संरचना प्रयोगको लागि विभिन्न समयमा बसेको जिल्ला विकास समितिको बोर्ड बैठक एवं जिल्ला परिषदबाट समेत जिल्लमा RVWRMP (ग्रामिण जलश्रोत परियोजना) को एक्स कार्यालय राख्न RVWRMP लाई अनुरोध गरेकोमा हाल आएर तत्काल कार्यालय स्थापना गर्न मर्मत सम्भार गरी बस्न योग्य भएमा भाडामा लिने गरी RVWRMP को एक्स कार्यालयबाट पत्र प्राप्त हान आएको सन्दर्भमा प्रमुख जिल्ला ईन्जिनियर सहितको प्राविधिक टोलीबाट अध्ययन हुंदा उक्त खाली रहेका ३ वटा भवनहरु मर्मत सम्भार गर्नु पर्ने र सो को प्राविधिक लागत अनुमान करिव ५,००,०००/०० (पांच लाख) लाग्ने देखिएकोले सो भवनहरु चालु आ.व.को अख्तियारी प्राप्त भए पछि उपयुक्त शिर्षकबाट वजेट विनियोजन गर्ने गरी ३ वटा फरक फरक भवनलाई तत्काल मर्मत सम्भार गराउने र उक्त स्थानमा रहेका UNICEF को कार्यालयले प्रयोग गर्दै आएको एउटा भवन र बांकी ३ वटा भवन गरी जम्मा जम्मा चारवटै भवनबाट जिल्ला परिषदबाट बार्षिक भाडा रकम रु. १२,७५,०००/०० (बाह्र लाख पचहत्तर हजार) न्यूनतम कायम हुने गरी RVWRMP को PSU कार्यालयलाई सम्भौता गरी भाडामा लगाउने निर्णय गरियो ।

## मिति २०७३/०४/२५ गते बसेको जि.वि.स. बोर्ड बैठकबाट पारित निर्णयहरु

निर्णय नं. १

मर्सिकोर डडेल्धुराको मिति २०७३/४/२१ को पत्रबाट मर्सिकोर नेपालर रेडक्रस सोसाईटी जिल्ला शाखाको साझेदारीमा विगत ३ बर्षदेखि आर्थिक विकास मार्फत विपद जोखिम व्यवस्थापन (Managing Risk Through Economic Development) कार्यक्रम संचालन गरि रहेकोमा उक्त कार्यक्रम कार्यान्वयनका क्रममा भएका सिकाई तथा उपलव्धीहरुलाई विस्तार तथा संस्थागत गर्न यस परियोजनालाई यस जिल्लामा थप ३ बर्षका लागि केही थप कृयाकलाप तथा समुदाय सहित संचालन गर्न प्रारम्भिप सहमति पत्र माग भएकोमा सम्पादित कृयाकलापको चौमासिक एवं बार्षिक प्रगति प्रतिबेदननका साथ जिल्ला विकास समितिको योजना तर्जुमा पद्धतिमा आवद्ध हुने गरी प्रारम्भिक सहमति उपलव्ध गराउने निर्णय गरियो । साथै उक्त कार्यक्रम संचालनका लागि परशुराम नगरपालिका र आलिताल गा.वि.स. कार्य क्षेत्र समेत तोक्ने निर्णय गरियो ।

## मिति २०७३/०६/५ गते बसेको जि.वि.स. बोर्ड बैठकबाट पारित निर्णयहरु

**निर्णय नं. १**

आर्थिक वर्ष २०७३।०७४ को लागि जिल्ला विकास समितिको कार्यालयमा हालसम्म प्राप्त बजेट अख्तियारीको बारेमा बैठकमा जानकारी गराई छलफल गरियो ।

**निर्णय नं. २**

नेपालीहरुको महान चाड बडादशै नजिकिदै गर्दा सर्वसाधारण जनताको बजार केन्द्रित आवागमन बढ्न जाने अवस्थालाई मध्यनजर गरी जिल्लाका विभिन्न गा.वि.स.जोड्ने मुख्य सडकहरुमा यातायातका साधनहरु सहज रुपमा आवागमन हुने व्यवस्था गर्न विभिन्न गा.वि.स.हरुवाट समेत अनुरोध प्राप्त भएकोले जिल्ला प्राविधिक कार्यालयवाट तपसिलका सडकहरुको अवस्थाको प्राविधिक अध्ययन गरी तत्काल गर्नु पर्ने व्यवस्थाको सम्वन्धमा आगामी बोर्ड बैठकमा प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | सडकको नाम | सि.नं. | सडकको नाम |
|---|---|---|---|
| १ | गैरा–गाँखेत–उणिकोट सडक | २ | बुडर–नाइल सडक आलिताल |
| ३ | घरेलु–खिन्नेभाडी–गाइबाँधे सडक | ४ | रडुवा–बडम मणिलेक सडक |
| ५ | ढिमौला–भद्रपुर सडक, भद्रपुर | ६ | पोखरा–बेलापुर सडक |
| ७ | धनघाट–कोटेली सडक | ८ | ढिमौला–चौडी–चिपुर सम्म सडक |
| ९ | बागबजार–बगरकोट–भागेश्वर सडक | १० | रडुवा–कलारीमाण्डौ सडक |
| ११ | भात्काँडा–रेल (असीग्रामसम्म) सडक | १२ | बुडर–जोगबुढा–गाईबाँधे लिप्ना |
| १३ | साँदनी–गाईबाँधे–सलेता सडक | १४ | रडुवा–पारिखेत–गणेशपुर बडाल सडक |
| १५ | बगरकोट–सिराड–रुपालीगाड–रुपाल | १६ | अनारखोली–देवल सडक |
| १७ | सकायल–डाँडावन सडक | १८ | विप्पेकट्टाल–हतास–चामाचौड |

**निर्णय नं. ३**

२०७३ सालको बडादशैं नजिकिदै जाँदा जिल्ला भित्रका सडकहरुमा आवागमनलाई सुचारु गर्ने सन्दर्भमा बगरकोट–सिराड–रुपालीगाड–रुपाल सडक, उग्रतारा मेलौली सडकको अजयमेरु देखी चिपुर सम्म र बुडहर–नाइल सडकको शीघ्र मर्मत गर्ने व्यवस्था हुन डिभिजन सडक कार्यालय, कुलपाते डोटीलाई र पन्तुरा–सिमलखेत–तातापानी–साँदनी ग्रामीण सडकको मर्मत सम्भार गरी सडक सुचारु गर्नको लागि परशुराम नगरपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

जि.वि.स.मा स्थानीय निकाय तर्फका स्थायी कर्मचारीहरुलाई निजामती सेवाका कर्मचारीलाई नेपाल सरकारले उपलब्ध गराएको नयाँ तलवमान अनुरुपको तलव भत्ता २०७३ श्रावणदेखि उपलब्ध गराउने र करार सेवामा समान पद श्रेणीमा कार्यरत कर्मचारीहरुलाई समेत २०७३ श्रावणदेखि सोही अनुरुपको बृद्धि तलवको शुरु स्केल कायम गरी भत्ता, दशैं खर्च र पोशाक भत्ता समेत समेत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.५**

जि.वि.स.को हाल लेखा शाखा रहेको कोठा वर्षातको समयमा छतवाट पानी चुहिने भई श्रेस्ता, कागजातमा नोक्सानी पुग्ने, लेखा सम्वन्धी श्रेस्ताको व्यवस्थापन गर्न स्थान समेत अभाव भएको र दरवन्दी बमोजिमको कर्मचारी बसी कार्यवोझको हिसाबले कार्य गर्न समेत समस्या भएकोले हाल वातावरण तथा उर्जा शाखा रहेको जि.वि.स.को तल्लो भवनको माथिल्लो तलामा लेखा शाखालाई सार्न आवश्यक देखिएको सन्दर्भमा  सो भवनको छतवाट समेत पानी चुहिने अवस्था भएकोले उक्त छत मर्मत सम्भार र रंगरोगन लगायतको काम गर्न प्राविधिक लागत अनुमान रु. २,५६,३६६।०५ (दुईलाख छपन्न हजार तीनसय छैसठ्ठी रुपैयाँ र पैसा पांच) मात्र लाग्ने देखिएकोले उक्त रकम जि.वि.स. आन्तरिक कोष राजश्व बाँडफाँडवाट व्यवस्था गरी सो छत मर्मत सम्भार गराउने र लेखा शाखा र आन्तरिक लेखा परीक्षण शाखालाई सोही स्थानमा सार्ने र हाल लेखा शाखा रहेको कोठामा वातावरण तथा उर्जा शाखालाई सारी कार्य सञ्चालन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ६**

जिल्ला विकास समिति डडेल्धुराको स्वामित्वमा रही हाल RVWRMP ले भाडामा लिएको साविक UN Complex  भवनको मर्मत सम्भार वापतको खर्च रकम सोही भवनको भाडावाट प्राप्त रकमवाट भुक्तानी दिने  निर्णय गरियो ।

**निर्णय नं. ७**

सुदूर पश्चिम डिभिजन सडक कार्यालय कुलपाते डोटी अन्तर्गत डडेल्धुरा जिल्लामा हाल सञ्चालनमा रहेका योजनाहरुको बजेट रकम समेत खुलेको विवरण र चालु आ.व. २०७३।०७४ मा नयाँ सञ्चालन हुने सडक तथा पुल निर्माणको बजेट समेत खुलेको विवरण उपलब्ध गराउन डिभिजन सडक कार्यालय कुलपाते डोटीलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

आन्तरिक राजश्व बाँडफाँड पूँजीगतवाट संस्कृति प्रवर्द्धन कार्यक्रम शीर्षकमा खर्च भएको तपसिल अनुसारको रकम रु.४५०००।० (पैचालिस हजार) लाई अनुमोदन गर्ने निर्णय गरियो :

क) स्थानीय बागबजार गैरा महोत्सवमा रु .... २५०००।०

ख) अ.न.पा. ७ पोखरा बन्दुनी पर्व मेलामा रु ..१०००।० 
ग) अ.न.पा. १० राई बन्दुनी पर्व मेलामा रु.... १०००।०

## मिति २०७३/०६/१२ गते बसेको जि.वि.स. बोर्ड बैठकबाट पारित निर्णयहरु

**निर्णय नं. १**

मिति २०७३।६।५ गतेको जि.वि.स. बोर्ड बैठकको निर्णय नं. २ अनुसार तपसिलमा उल्लेखित सडकहरुको लागत इष्टिमेट प्राप्त भएकोले सोही बमोजिम ग्रामीण सडक मर्मत कोष शीर्षकको रकमवाट उल्लेखित रकमको परिधिभित्र रही आकस्मिक मर्मत सम्भार कार्य गर्ने गराउने निर्णय गरियो ।

तपसिल

| क्र. स. | सडकको नाम | रकम भ्याट सहित | संकेत |
|---|---|---|---|
| १ | बागबजार बगरकोट भागेश्वर सडक | ५१,०८६.३२ | DRCN |
| २ | ढिमौला भद्रपूर (गन्पाल) चिपूर सडक | ४९,१७८.५८ | DRCN |
| ३ | ढिमौला चौंडी चिपूर सडक | ४१,३०६.०० | VRCN |
| ४ | घरेलू खिन्नेभाडी सडक | १,१४,२२५.५२ | VRCN |
| ५ | गैरा गांखेत उणिकोट सडक | २०,२२६.४६ | DRCN |
| ६ | पोखरा बेलापूर सडक | ४४,९८५.७५ | DRCN |
| ७ | बिप्पेकटाल हतास चामाचौड सडक | १४७,६३९.९१ | VRCN |
| ८ | धनघाट कोटेली सडक | ५१,३३७.३१ | VRCN |
| ९ | रड्वा बडम मणीलेक सडक | ६१,८८३.३५ | DRCN |
| १० | रड्वा पारिखेत गणेशपूर बडाल सडक | ४२,६२४.२३ | DRCN |
| ११ | रड्वा कलारीमाण्डौं सडक | १६६,९१०.५७ | VRCN |
| १२ | सकायल डांडावन नवदर्गा घूप्ताखान सडक | ६९,१७३.५९ | VRCN |
| | जम्मा | ८६०५७७।५९ | |

निर्णय नं. २

बुडर-नाइल-सडक र अनारखोली-देवल सडकको मर्मत कार्यको लागि सडक डिभिजन कार्यालय कुलपाते डोटीलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

बुडर-जोगबुडा-गाईबाँधे-लिप्ना र साँदनी-गाइबाँधे -सलेता सडकको मर्मतको लागि परशुराम नगपालिकालाई सोही नगरपालिकाको मेशिन प्रयोग गरी मर्मत कार्य गर्न अनुरोध गर्ने र इन्धन वापत रु. ४०,०००। (चालिस हजार) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४

यस कार्यालय अन्तर्गत आकस्मिक मर्मत कार्य गर्नु पर्ने उल्लेखित सडकहरुको काम बडादशैं अगावै सम्पन्न गर्नु पर्ने र समयावधि साह्रै कम भएकोले स्थानीय निकाय आ.प्र. नियमावली, २०६४ को दफा १५८(३) बमोजिमको प्रावधान अनुसार प्याकेजहरु बनाई यस जिल्लामा रहेका मेशिनहरु भएका पर्महरु मार्फत दररेट माग गरी मर्मत सम्भार कार्य गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. ५

WWF नेपालवाट मिति २०७३।६।२ मा यू.एस.एड. को आर्थिक सहयोगमा यस जिल्लाको परशुराम नगरपालिका र आलिताल गा.वि.स.मा हरियो वन दोश्रो चरणका विभिन्न गतिविधिहरु सञ्चान गर्न पूर्व सहमति पत्र उपलब्ध गराउन निवेदन पेश भएकोमा पूर्व सहमति पत्र उपलब्ध गराउने निर्णय गरियो ।

## मिति २०७३/०७/०४ गते बसेको जि.वि.स. बोर्ड बैठकबाट पारित निर्णयहरु

निर्णय नं. १

यस डडेल्धुरा जिल्लाको ५ (पांच) वर्षिय आवधिक जिल्ला विकास योजना निर्माणको जिम्मेवारी पाएको निष्ट प्रा.लि. जे.भि. बि.यन. कन्सल्टेन्सी बाट आवधिक जिल्ला विकास योजना तर्जुमा सम्वन्धमा भए गरेको कार्यहरु हाल सम्मको प्रगतिको बारेमा बैठक समक्ष प्रस्तुत गरियो । आ.जि.वि.यो. निर्माणको जिम्मा पाएको संस्थाको तर्फबाट जिल्लाको पार्श्वचित्रको मस्यौदा प्रतिबेदन प्राप्त हुन आएको र उक्त संस्थाले यही कार्तिक ९ १० र ११ गते आ.जि.वि.यो. निर्माण कार्यशला गोष्ठी जिल्ला सदरमुकाममा आयोजना गर्न टेलीफोन मार्फत अनुरोध गरेको सन्दर्भमा Nest (P) Ltd and BN Consultancy (JV) को तर्फबाट पेश हुन आएको मस्यौदा जिल्ला पर्श्वचित्रलाई प्राथमिकताका साथ कार्य सम्पन्न गरी अन्तिम रुप दिने र आ.जि.वि.यो निर्माणको कार्याशाला २०७३ कार्तिक ९, १० र ११ गते सम्पूण व्यवस्थापन सहित गोष्ठीको आयोजना गर्न उक्त संस्थालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २

आवधिक जिल्ला विकास योजना तर्जुमाको लागि Nest (P) Ltd (JV) BN Conseltancy संग भएको सम्झौता वमोजिम नपुग हुने रकम देजाय बमोजिम व्यवस्थ ागर्ने निर्णय गरियो ।

क) UNFPA बाट रु. ५ (पांच लाख)

ख) UNICEF बाट रु. ४ (चार लाख)

ग) अपुग करिव रु. ६ लाख रकम जुटाउनको लागि जिल्ला स्थित राष्ट्रिय एवं अन्तराष्ट्रिय गै.स.स.हरुलाई अनुरोध गर्ने ।

## मिति २०७३/०८/१५ गते बसेको जि.वि.स. बोर्ड बैठकबाट पारित निर्णयहरु

निर्णय नं. १

वजेट उपशिर्षक नं. ३२५११३३ अन्तर्गत सस्कृति पर्यटन प्रवर्द्धन कार्यक्रम अन्तर्गत सस्कृति पर्यटन तथा नागरिक उड्डयान मन्त्रालय पुरातत्न विभागबाट प्राप्त अख्तियारी एवं तपसिल अनुसारका कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

| | **शीर्षक : संस्कृति पर्यटन प्रवर्द्धन कार्यक्रम ( ३२५११३३ )** | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **योजना/कार्यक्रम** | **ठेगाना** | **वजेट** | **कैफियत** |
| १ | कांणबेताल मन्दिर संरक्षण गर्ने | अजयमेरु २ | २०००००।० | |
| २ | पिचास मन्दिर निर्माण | दे.दिव्यपुर ९ | १०००००।० | |
| ३ | भूमीराज देवता | अमरगढी ६ | २०००००।० | |
| ४ | ब्रह्मदेव मन्दिर निर्माण | कोटेली ६ | २०००००।० | |
| ५ | पूर्णगिरी मन्दिरको संरक्षण | अ.न.पा. कीर्तिपुर | २०००००।० | |
| ६ | शिव मन्दिर | अ.न.पा. ४ , खलंगा | २०००००।० | |
| ७ | भागेश्वर मन्दिर निर्माण | ग्वानी प. न.पा. २ | १०००००।० | |
| ८ | बैजनाथ मन्दिर निर्माण | जालगडा प.न.पा. ९ | १०००००।० | |
| ९ | गढिया मन्दिर | अ.न.पा. ५ तल्लोजिलडा | १०००००।० | |

| | | | | |
|---|---|---|---|---|
| १० | सहर्षलिंग मन्दिर | भद्रपुर १ नौलाकोट खलंगा | १००००००।० | |
| ११ | बुढीआमा मन्दिर | रुपाल २ विषरी | १००००००।० | |
| १२ | तारा भगवती मन्दिर र भैरबस्थान संरक्षण | भागेश्वर १ | २००००००।० | |
| १३ | मडलिक मन्दिर संरक्षण | रुपाल ९ | १००००००।० | |
| १४ | शिवालय निर्माण | भागेश्वर ६ नानीगाउं | २००००००।० | |
| १५ | भूमीराज देवताको मन्दिर | बगरकोट १ | २००००००।० | |
| १६ | भागेश्वर मन्दिर धुरा | रुपाल बगरकोट | ५००००००।० | |
| १७ | सिद्धनाथ मन्दिर संरक्षण | प.न.पा. ५ ,जोगबुडा | १००००००।० | |
| १८ | अंर्गले मन्दिर संरक्षण | असीग्राम १ , डुम्राखोली | २००००००।० | |
| १९ | मणिलेख बाबा मन्दिर संरक्षण | असीग्राम ३ , घाणासुन्ना | २००००००।० | |
| २० | घण्टेश्वर बाबा मन्दिर संरक्षण | गांखेत ९ | १००००००।० | |
| २१ | असीग्राम बाबा मन्दिर संरक्षण | असीग्राम | १००००००।० | |
| २२ | कालिका मन्दिर घेराबार | प.न.पा. १२, कालिकास्थान | १५०००००।० | |
| २३ | भागेश्वर बाबा मन्दिर डुमरी | बगरकोट १ | १००००००।० | |
| २४ | भगवती मन्दिर | भद्रपुर मटेला | ३००००००।० | |
| २५ | भागेश्वर मन्दिर | प.न.पा. ४ | २००००००।० | |
| २६ | निंगलासैनी मन्दिर | प.न.पा. ३ सिमलटा | २००००००।० | |
| | **जम्मा :** | | ४४५०००००।० | |

निर्णय नं २

वजेट उपशिर्षक नं. ३६५८३७४ अन्तर्गत साना सिचाई नदी नियन्त्रण र अन्य पूर्वाधार विकास कार्यक्रमको प्राप्त अख्तियारी अनुसार तपसिल अनुसारका योजना तथा बजेट कार्यान्वयन गर्ने निर्णय गरियो ।

| **व.उ.शी.नं. ३६५८३७४** | | | | | |
|---|---|---|---|---|---|
| **कार्यक्रमको नाम : साना सिंचाई नदी नियन्त्रण र अन्य पूर्वाधार विकास कार्यक्रम** | | | | | |
| | | | | *रकम रु. लाखमा* | |
| **क.सं** | **कार्यक्रम** | **इकाई** | **परिमाण** | **वजेट** | **कैफियत** |
| १ | नदी नियन्त्रण सम्वन्धि योजनाहरुको निर्माण कार्य सन्चालन हुने ( नदी नियन्त्रण सम्वन्धि कार्य) | वटा | १ | १० | |
| २ | देउल्ला साना सिचाई योजना, समैजी ५ ( साना सिंचाई निर्माण ) | वटा | १ | १० | |
| ३ | लोपा सिचाई ,शिर्ष ४ ( साना सिंचाई निर्माण ) | वटा | १ | १२ | |
| ४ | वेडुन कोलाखेत साना सिंचाई , अजयमेरु ९ ( साना सिंचाई निर्माण ) | वटा | १ | ३ | |
| ५ | गांजरी सिचाई योजना , बेलापुर ६( साना सिंचाई निर्माण ) | वटा | १ | ५ | |
| ६ | तल्पाखा सिंचाई योजना,देवल २( साना सिंचाई निर्माण ) | वटा | १ | ३ | |
| ७ | मल्लो घाडथली सिंचाई, रुपाल( साना सिंचाई निर्माण ) | वटा | १ | ३ | |
| ८ | किनमडानी सिंचाई योजना ,कोटेली ७( साना सिंचाई निर्माण ) | वटा | १ | ५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | गोलाई सिंचाई योजना ,वगरकोट ९( साना सिंचाई निर्माण ) | वटा | १ | ३ | |
| १० | भाडीखेत चनाईल सिंचाई कुलो ,भागेश्वर( साना सिंचाई निर्माण ) | वटा | १ | ३ | |
| ११ | कुवाखोला सिचाई ,कोटेली ६( साना सिंचाई निर्माण ) | वटा | १ | ३ | |
| १२ | अंगीगडा सिचाई योजना ,मणिलेख १,२र ३( साना सिंचाई निर्माण ) | वटा | १ | ५ | |
| | **जम्मा** | | | ६५ | |

निर्णय नं. ३

वजेट उपशिर्षक नं. ३६५८०४४ अन्तर्गत ग्रामिण खानेपानी तथा सर सफाई कार्यक्रमको प्राप्त अख्तियारी अनुसार तपसिलका योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

| **व.उ.शी.नं. ३६५८०४४** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **कार्यक्रमको नाम : ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम** | | | | | | | | |
| **सि.नं.** | **कार्यक्रम/आयोजनाको नाम** | **गा.वि.स.** | **वार्ड नं.** | **लागत अनुमान** | **हाल सम्मको खर्च** | **आवश्यक बजेट** | **यस आ.व.को विनियोजित बजेट** | **कैफियत** |
| **क** | **क्रमागत खा.पा.यो. निर्माण** | | | | | | | |
| १ | जोगबुडा धनुके खा.पा.यो. | जोगबुडा | ५ | ३०१००/० | २२१० | ८०० | ८००।०० | सम्पन्न हुने |
| २ | जोगबुडा पुरनपानी खा.पा.यो. | जोगबुडा | ५ | ४०००/० | ४१८।४ | ३५८१/५८ | १५००।०० | सम्पन्न हुने |
| ३ | धौलाकोट खा.पा.यो. | असिग्राम | ९ | २१४७/८६ | १८८३।०० | २६४/४७ | २६४।०० | सम्पन्न हुने |
| | आंशिक जम्मा | | | | | | **२५६४।००** | |
| **ख** | **नयां खा.पा.यो निर्माण** | | | | | | | |
| १ | फल्याट खोला खा.पा.यो. | अजयमेरु २ | २ | ४७६५/२० | ०० | ४७६५/२० | १०००।०० | क्रमागत |
| २ | टोटरी खा.पा.यो. | भद्रपुर २ | २ | १७८९/६४ | ०० | १७९८/६४ | ३८५।०० | क्रमागत |
| ३ | तडेपानी खा.पा.यो. | मणिलेक ६ | ६ | ३३११/९७ | ०० | ३३११/९७ | ६९२।०० | क्रमागत |
| ४ | मेल्टा गुदडा खा.पा.यो. | वगरकोट | | ४०००/०० | ०० | ४०००/०० | ८३२।०० | क्रमागत |
| ५ | राजपानी घोडलेक खा.पा.यो. | देवलदिव्यपुर २ | २ | २७००/६६ | ०० | २७००/६६ | ५६२।०० | क्रमागत |
| ६ | गुजलेक खा.पा.यो. | अ.न.पा. ३ | ३ | २२२१/० | ०० | २२२१/०० | ४६५।०० | क्रमागत |
| | आंशिक जम्मा | | | **१८७९७/४७** | | | **३९३६।००** | |
| **कुल जम्मा** | | | | | | | ६५००।०० | |
| **व.उ.शि.न. ६५८०४३** | | | | | | | | |
| **ग** | **कार्यक्रम खर्च** | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | अवलोकन भ्रमण खर्च (कर्मचारी उ.स.का पदाधिकारीहरुका लागि) | | | ५०० | | | ५०० | |

निर्णय नं. ४

वजेट उपशिर्षक नं. ३६५८०९३ अन्तर्गत झो.पु. क्षेत्रगत कार्यक्रम अन्तर्गत प्राप्त अख्तियारी अनुसार तपसिल अनुसारका योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

ब.उ.शि.नं.: ३६५८०९३

कार्यक्रमको नाम: झो.पु. क्षेत्रगत कार्यक्रम

रु. हजारमा

| सि.नं | आयोजनाको नाम | ल.ई. | भौतिक लक्ष | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|---|
| क | झो.पु. नियमित मर्मत (पुल संरक्षण पारश्रमिक) | | ८६ | ५१६ | |
| **ख** | **बृहत मर्मत** | | | | |
| १ | डेवरी झो.पु. मर्मत | | | १३०० | |
| २ | रंगुन झो.पु. मर्मत | | | १३०० | |
| ३ | खांण झो.पु. मर्मत | | | ५७० | |
| | **आसिक जम्मा** | | | **३१७०।००** | |
| ग | नयां झो.पु. | | | | |
| १ | अमरीघाट झो.पु. (क्रमागत) | | १ | २०० | |
| २ | गर्ता फिन्नेकोट झो.पु. अ.न.पा. गणेशपुर | | १ | १७३७८५ | |
| ३ | कोटेगाड झो.पु. असिग्राम | | १ | १२७१।५२ | |
| ४ | एरीखोला स्टिल ट्रस्ट गांखेत | | १ | ९२७८७ | |
| ५ | गाईबाधे बेल्डाडी झो.पु. जोगबुडा | | १ | २३९७८३ | |
| ६ | सौगाड स्टिल ट्रस्ट समैजी ९, ५ | | १ | ६९८।४० | |
| ७ | चाडी झो.पु. रुपाल | | १ | १२९२।७४ | |
| ८ | कुईतडा झो.पु. नवदुर्गा , मष्टमाण्डौं | | १ | १६७९।२० | |
| ९ | आनातोली झो.पु. परशुराम नगरपालिका | | १ | १३५२।०० | |
| | **आसिंक जम्मा** | | | **११५५७४१** | |
| घ | सर्भे कार्य नया पुल | | ९ | १००।०० | (गत बर्ष सर्भे भएको |
| ङ | नयां झो.पु.हरुको स्टिल पार्टस् खरिद | | | ८२०।५९ | |
| च | झो.पु. लठ्ठा बुल्डग्रीप र स्टिल पार्टस् ढुवानी | | ७ | ३००।०० | |
| छ | झो.पु. संरक्षण तालिम (२५ जना) | | २५ | १६२।०० | |
| | **कुल जम्मा** | | | **१६६२६।००** | |

७ वटा नयां झो.पु.हरुको स्टिल पार्टस् खरिदको लागि नपुग रकम रु. ५७,२६,३२०/ उपलव्ध गराउन श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

वजेट उपशिर्षक नं. ३६५८०८४ स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम अन्तर्गत प्राप्त अख्तियारी अनुसार तपसिल अनुसारका योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

| **व.उ.शी.नं. ३६५८०८४** | | | | | |
|---|---|---|---|---|---|
| **कार्यक्रमको नाम : स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम** | | | | | |
| | | | | *रकम रु. हजारमा* | |
| **क्र.सं** | **कार्यक्रम** | **इकाई** | **परिमाण** | **वजेट** | **कैफियत** |
| क | ८.६.२ ग्राभिल/खण्डस्थित सडक | कि.मी. | | | |
| १ | ग्रामिण सडकको नियमित मर्मत सम्भार (RMG/ सडक मुख्य सन्जाल अन्तर्गत सडकमा सडक मर्मत समुह द्वारासडक मर्मत कार्य | | १ | ३००० | |
| २ | जिल्ला सडक मुख्य संजाल अन्तर्गतका सडकमा सडक सुरक्षा कार्यक्रम | | | | |
| २.१ | पोखरा बेलापुर सडक | | १ | १५०० | |
| | **आसिंक जम्मा** | | | **४५००** | |
| १ | बागवजार बगरकोट भागेश्वर सडक | कि.मी. | १ | ७०० | |
| २ | पोखरा बेलापुर सडक | कि.मी. | १ | १३०० | |
| ३ | सकायल कैलपालमाण्डौ सडक | कि.मी. | १ | १२०० | |
| ४ | जोगबुडा शिर्ष रुपाल सडक | कि.मी. | १ | १००० | |
| ५ | रडुवा पारीखेत गणेशपुर बडाल सडक | कि.मी. | १ | १००० | |
| ६ | गैरा गांखेत उनिकोट सडक | कि.मी. | १ | १३०० | |
| ७ | रडुवा बडम मणिलेक सडक | कि.मी. | १ | १५०० | |
| ८ | ढिमौला भद्रपुर चिपुर सडक | कि.मी. | १ | १३०० | |
| ९ | सादनी गाईवाधे सलेता | कि.मी. | १ | ११०० | |
| १० | उग्रतारा समैजी अजयमेरू सडक | कि.मी. | १ | ९०० | |
| ११ | सकायल डाडावन नवदुर्गा घुक्ताखान सडक | कि.मी. | १ | ८०० | |
| १२ | किर्तिपुर भलिया अजयमेरु कोट सडक | कि.मी. | १ | ७०० | |
| १३ | डुङरी सेरागाड देवल सडक | कि.मी. | १ | ७०० | |
| १४ | मर्मत सम्भार कोष | कि.मी. | १ | ७०० | |
| | **आसिंक जम्मा** | | | **१४२००** | |
| | **कुल जम्मा** | | | **१८७००** | |

।नर्णय नं. ६

वजेट उपशिर्षक नं. ३६५८५१४ अन्तर्गत आर्थिक केन्द्र तथा दुई जिल्ला जोडने सडक कार्यक्रम अन्तर्गत प्राप्त अख्तियारी अनुसार तपसिल अनुसारका योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

| व.उ.शी.नं. ३६५८५१४ | | | | |
|---|---|---|---|---|
| कार्यक्रमको नाम : आर्थीक केन्द्र तथा दुई जिल्ला जोड्ने सडक | | | | |
| **क.सं** | कार्यक्रम | वजेट | ठेगाना | कैफियत |
| १ | आइत चिरकिट्टे निगलाड आचलसैन कटाल जोगबुढा सडक | २७०००००।० | | |
| २ | अनारखोली देवल सडक | १२०००००।० | | |
| ३ | परशुराम सादनी मलास चुनेपानी कञ्चनपुर सडक | १२०००००।० | | |
| ४ | रडुवा बेडुपानी फिन्देउ सडक | १२०००००।० | | |
| ५ | रडुवा कलारमाण्डौ बडाल सडक | १२०००००।० | | |
| ६ | चिपुर धारी भुल्कुडा दानखोला बैतडी सडक | १२०००००।० | | |
| ७ | मदन आश्रित स्मृति भवन मार्ग | १००००००।० | अ.न.पा | |
| ८ | जोगबुढा रुपाल भागेश्वर हुदै मेलौली सडक | १००००००।० | प.न.पा. | |
| ९ | शीर्ष कालढुंगी परिगाउं सडक | १००००००।० | प.न.पा. | |
| १० | पोखरा बेलापुर ढुंगाड सडक | १००००००।० | | |
| ११ | सिद्धनाथ शहरगौडा सांदनी सडक | १००००००।० | प.न.पा. | |
| १२ | पोखरा ऐरीगाउं जोशीगाउं शैलेश्वर मन्दिर सडक | १००००००।० | अ.न.पा ७ | |
| १३ | बिप्पेकटाल हतास चमाचौड सडक बेलापुर ढुंगाड सडक | १००००००।० | | |
| १४ | चिपुर पसेला सडक | १००००००।० | चिपुर | |
| १५ | शीर्ष रुपाल सडक | १००००००।० | | |
| १६ | अनारखोली देवल कैलपाल सडक | १००००००।० | | |
| १७ | जालटुडा ग्वान्नी सिराडी बन्डले सडक | १००००००।० | आलिताल | |
| १८ | गणेशपुरदेखि गनेपताल पर्यटक सडक | १००००००।० | गणेशपुर | |
| १९ | डडिया जर्मना सडक | १००००००।० | असिग्राम | |
| २० | भातकांडा फलडांडी बडाल सडक | १००००००।० | असिग्राम | |

कुईलेक शिखर समैजी हरियाली सडक समैजी मुद्राड अजयमेरु, चिपुर कृषि सडक र हरियाली सडक समैजी प्रत्येक सडकमा रु. १० लाख विनियोजन भएकोमा उक्त सडकहरु एउटै भएकोले समैजी मुद्राड अजयमेरु भद्रपुर चिपुर हरियाली कृषि सडक नामाकरण गरी जम्मा रु. ३० लाख वजेट कायम गर्न सं.मा. तथा स्था.वि.म.मा स्वीकृतिका लागि पठाउने निर्णय गरियो ।

निर्णय नं. ७

सस्कृति तथा पर्यटन कार्यक्रम अन्तर्गत चालु आ.व. २०७३/०७४ का लागि प्राप्त अख्तियारीमा मिति २०७२/११/१४ को जि.वि.स. बोर्ड बैठकको निर्णय नं. ४ र ५ बाट संस्कृति पर्यटन तथा नागरिक उडड्यान मन्त्रालय सिफारिस गरी वजेट विनियोजनका लागि पठाईएका योजनामा वजेट विनियोजन नभएकोले पुन: सम्वन्धित निकायमा उक्त निर्णय भई सकेका तपसिलका योजनाहरुमा वजेट विनियोजनका लागि पुन: अनुरोध गर्ने निर्णय गरियो ।

१) टुडीखेल, भलिया दोगाड अजयमेरु जगन्नाथ मन्दिर

२) अशिग्राम समैजी देवताको भण्डारघर निर्माण मणिलेक ३

३) मसानी देवताको मन्दिर निर्माण बेलापुर ६

४) लाटागन्याप पर्यटन क्षेत्र विवकास गणेशपु

५) घटाल मन्दिर निर्माण घेरवार अ.न.पा. ३

६) आलिताल क्षेत्र विकास

७) कैलपाल क्षेत्र विकास बगरकोट ९ गोलाई

८) महादेव भण्डारघर निर्माण समैजी १

९) भागेश्वर मन्दिर निर्माण अ.न.पा. ८

१०) भूमिराज मन्दिर क्षेत्रमा घेरवार मणिलेक ८

११) लाटादेउता मन्दिर कोटेली १ र ६

१२) मणिलेक मन्दिर निर्माण तथा मर्मत अ.न.पा. २

१३) अशिग्राम मन्दिर रुपाल

१४) उदयदेउ मन्दिर भान्साघर निर्माण भागेश्वर ३

१५) भगवती मन्दिर निर्मण भिमचन्द्र टोल अ.न.पा. ४

१६) ब्रह्म मन्दिर निर्माण भद्रपुर ५

१७) अशिग्राम भूमिराज मन्दिरको पर्खाल तथा नदी नियन्त्रण अ.न.पा. ९ र केटेली ३

**निर्णय नं. ८**

यस कार्यालय अन्तर्गत ग्रामिण सामुदायिक पूर्वधार सविकास कार्यक्रमको ब.शि.नं. ३६५८०७४ बाट यस आ.व. २०७३/०७४ का लागि कार्यक्रम संचालनार्थ जिल्ला परिषदमा प्राथमिकताक्रममा परेका योजनाहरु मध्येबाट प्राविधिक सम्भाव्यता अध्ययन गरी छनौट गर्न तपसिलमा उल्लेखित गा.वि.स.हरुमा निम्नानुसारको वजेट वांडफांड गर्ने निर्णय गरियो

तपसिल:

१) चिपुर गा.वि.स.मा (ढिमोला चिपुर मड भुल्कुडा ग्रा.स. रु. १६,००,०००।००

२) कोटेली गा.वि.स.मा (धनघाट कोटेली निन्तोला चौराह ग्रा.स.) रु. १३,००,०००।००

३) गांखेत गा.वि.स.मा (सिचाई कुलो २ वटा) रु. १०,००,०००।००

४) नवदुर्गा गा.वि.स. मा (सिचाई कुलो २ वटा) रु. १०,००,०००।००

५) समैजी गा.वि.स. (सिचाई कुलो २ वटा) रु. १०,००,०००।००

**जम्मा वजेट** **रु.५९,००,०००।००**

## मिति २०७३/०८/३० गते बसेको जि.वि.स. बोर्ड बैठकबाट पारित निर्णयहरु

**निर्णय नं. १**

डडेल्धुरा जिल्ला विकास समितिको कार्यालयमा सरुवा भई आउनु भएका स्थानीय विकास अधिकारी श्री ज्ञानेन्द्र पराजुलीज्यूलाई जिल्ला विकास समितिको तर्फबाट हार्दिक स्वागत एवं उहांको कार्यकालको सफलताको लागि शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नं. २

अ.व. २०७३/०७४ का लागि बजेट उपशिर्षक ३६५८०१ बाट प्राप्त जि.वि.स निशर्त पूजिगत अनुदान वांडफांड अनुसार गर्ने निर्णय गरियो ।

**आ.व. ०७३/०७४का लागि जि.वि.स. निशर्त पुजीगत अनुदान वाडफाड**
**वजेट उपशिर्षक नं. ३६५८०१**
**वजेट खर्च शिर्षक नं. २६३१२,२६३२१ (१,१०,१८,०००)**

| सि.नं. | विवरंण | विनियोजित | संशोधित |
|---|---|---|---|
| १ | समपुरक कोष | २०००००० | २४१८००० |
| २ | महिला लक्षित कार्यक्रम | ७४०००० | ७५०००० |
| ३ | बालबालिका लक्षित का. | १११०००० | ११२५००० |
| ४ | अन्य लक्षित कार्यक्रम | १११०००० | ११२५००० |
| ५ | सा.आ.तथा भौ.पू.वि.का. | २७००००० | २७००००० |
| ६ | प्रवर्द्धनात्मक कार्यक्रम | १७४०००० | १८००००० |
| ७ | कवाडी कर | २५०००० | २५०००० |
| ८ | स्था.वि.कोष पूंजीगत | ९५०००० | ८५०००० |
| | जम्मा | १०६००००० | ११०१८००० |

| क) | **शीर्षक : जि.वि.स.निशर्त अनुदान तर्फ** | | **विनियोजित** | **संशोधित** |
|---|---|---|---|---|
| | **महिला लक्षित कार्यक्रम** | | **७४००००।०** | **७५००००।०** |
| | कार्यक्रम | ठेगाना | विनियोजित रकम | संशोधित रकम |
| १ | लैंगिक विभेदीकरण तालिम | देवल,चिपुर | १०००००।० | १०००००।० |
| २ | महिला हिंसा र छाउपडी न्यूनीकरण ता. | भागेश्वर,रुपाल,बगरकोट | १५००००।० | १५००००।० |
| ३ | महिला हिंसा र छाउपडी न्यूनीकरण ता. | बेलापुर,म.मा.,नवदुर्गा | १५००००।० | १५००००।० |

| | | | | |
|---|---|---|---|---|
| ४ | एकल महिला सशक्तीकरण तालिम | अ.न.पा. | ८०००।० | ९०००।० |
| ५ | HIV AIDS पीडित बा.बा.पोशाक औषधि | प.न.पा. आलिताल | १००००।० | १००००।० |
| ६ | महिला पत्रकारिता तालिम | अ.न.पा. | ६०००।० | ६०००।० |
| ७ | महिला सेफ हाउस व्यवस्थापन सहयोग | अ.न.पा. | ६०००।० | ६०००।० |
| ८ | कार्यक्रम सञ्चालन | | ४०००।० | ४०००।० |
| | | जम्मा : | **७४०००।०** | **७५०००।०** |
| | | | | |
| | **बालबालिका लक्षित कार्यक्रम** | | **१११००००** | **११२५०००** |
| | कार्यक्रम | ठेगाना | विनियोजित रकम | संशोधित रकम |
| १ | बा.मै.स्था.शासन सम्वन्धी अभिमुखीकरण तालिम | प.न.पा., आलिताल | १४०००।० | १४०००।० |
| २ | बा.मै.तालिम रा.नी.दल व.ना.म.संयोजकलाई | बगरकोट,भागेश्वर,रुपाल | १४०००।० | १४०००।० |
| ३ | बालविवाह विरुद्ध जनचेतनामूलक तालिम | कोटेली, मणिलेक | ७०००।० | ७०००।० |
| ४ | बाल पुस्तकालय स्थापना | चिपुर, देवल दिव्यपुर | ६०००।० | ६०००।० |
| ५ | बा.मै.तालिम रा.नी.दल व.ना.म.संयोजकलाई | असीग्राम, गणेशपुर | ९०००।० | ९०००।० |
| ६ | बा.मै.शिक्षण सिकाई सम्वन्धी पनर्ताजकी तालिम | समैजी | ५०००।० | ५०००।० |
| ७ | बालमैत्री गा.वि.स.घोषणा अभियान | बेलापुर,म.मा.,नवदुर्गा | ९०००।० | ९०००।० |
| ८ | जि.बा.सञ्जालका प्रतिनिधिलाई बा.मै.स्था.शा.अभिमुखीकरण | जिल्लास्तरीय | ८०००।० | ८०००।० |
| ९ | बालक्लवका पदाधिकारीलाई अन्तरजिल्ला भ्रमण | ५ वटै गा.वि.स. | १५०००।० | १६५००।० |
| १० | कार्यक्रम अनुगमन, सञ्चालन खर्च | | ४०००।० | ४०००।० |
| ११ | बालमैत्री गा.वि.स.घोषणा पुरस्कार | समैजी, असीग्राम | २००००।० | २००००।० |
| | | | **१११०००।०** | **११२५००।०** |

| | | | | |
|---|---|---|---|---|
| | **अन्य लक्षित कार्यक्रम** | | **१९४०००।०** | **१९७०००।०** |
| | कार्यक्रम | ठेगाना | विनियोजित रकम | संशोधित रकम |
| १ | छुवाछूत रहित गा.वि.स.घोषणा अभियान | कोटेली, मणिलेक | ८०००।० | ८०००।० |
| २ | मोबाइल मर्मत,हाउस वायरिंग तालिम | म.मा., नवदुर्गा | १२०००।० | १२०००।० |
| ३ | विपन्न बालबालिकालाई पोशाक तथा छात्रवृत्ति | बेलापुर | ८०००।० | ८०००।० |
| ४ | आंखा शिविर सञ्चालन | बेलापुर,म.मा., नवदुर्गा | ८०००।० | ८०००।० |
| ५ | हलियाहरुका तथ्यांक संकलन मोहियानी हक र जग्गा ना.सा. | असीग्राम | ६०००।० | ६०००।० |
| ६ | सिलाई मेशिन र आरन मेशिन माग | गांखेत,अजयमेरु,कैलपाल | १८०००।० | १८०००।० |
| ७ | विपन्न महिलालाई आय आर्जन सिलाईकटाइ बंगुर बाखापालन ता. | आलिताल | ८०००।० | ८०००।० |
| ८ | अपांग अधिकारका लागि अभिमुखीकरण कार्यक्रम | बगरकोट | ६०००।० | ६०००।० |
| ९ | सिलाई कटाई तालिम २५ जना | भागेश्वर | ९०००।० | ९०००।० |
| १० | जुत्ता बनाउने तालिम वडा नं. ४ र ६ | रुपाल | ९०००।० | ९०००।० |
| ११ | कार्यक्रम अनुगमन सञ्चालन खर्च | | ४०००।० | ५५००।० |
| १२ | ज्येष्ठ नागरिक सत्संग भवन | चिपुर देवल | १५०००।० | १५०००।० |
| | | | **१११०००।०** | **११२५००।०** |

| | | | | |
|---|---|---|---|---|
| | **आ.सा.तथा भौ.पूर्वाधार विकास कार्यक्रम** | | **२७००००।०** | **२७००००।०** |
| सि.नं. | योजना/कार्यक्रम | ठेगाना | विनियोजित रकम | संशोधित रकम |
| १ | भिमदत्त ब.क्याम्पस भवन निर्माण | अ.न.पा. | १००००००।० | १००००००।० |
| २ | बिरबलभद्र उ.मा.वि.भवन निर्माण | कोटेली | ५०००००।० | ५०००००।० |
| ३ | खेलकूद स्टेडियमको लागि फिल्ड नि. | अ.न.पा. ४ | ५०००००।० | ५०००००।० |
| ४ | भिमदत्त पन्त स्मृति संग्रहालय | अ.न.पा. २ | ५०००००।० | ५०००००।० |

| | | | | |
|---|---|---|---|---|
| ५ | परशुराम धाममा आवासगृह निर्माण | प.न.पा. | २००००0।0 | २००००0।0 |
| | | जम्मा : | **२७००००0।0** | **२७००००0।0** |
| | | | | |
| | **प्रवर्द्धनात्मक कार्यक्रम** | | **१७४००००।0** | **१८००००0** |
| | योजना/कार्यक्रम | ठेगाना | विनियोजित रकम | संशोधित रकम |
| १ | क्षमता विकास मानव शंसाधन विकास | | ३५००००।0 | ३५००००।0 |
| २ | विपद व्यवस्थापन | | १५००००।0 | १५००००।0 |
| ३ | उर्जा नवीकरण तथा वातावरण संरक्षण | | ५००००।0 | ५००००।0 |
| ४ | पत्रकारिता विकास | | १५००००।0 | १५००००।0 |
| ५ | युवा तथा खेलकूद विकास | | २०००००।0 | २०००००।0 |
| ६ | आधुनिक कृषि प्रविधि तथा पशु विकास कार्यक्रम | | २०००००।0 | २०००००।0 |
| ७ | पत्रकार महासंघ भवन निर्माण | | २०००००।0 | २०००००।0 |
| ८ | सुरक्षा प्रबन्ध | | ८००००।0 | ८००००।0 |
| ९ | सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई | | १४००००।0 | १४००००।0 |
| १० | भिन्न क्षमता व्यक्तिहरुको क्षमता विकास | | ४००००।0 | ४००००।0 |
| ११ | हलिया मुक्ति कार्यक्रम | | ४००००।0 | ४००००।0 |
| १२ | एचआइभी एड्स कार्यक्रम | | ४००००।0 | ४००००।0 |
| १३ | लघु उद्यम विकास | | १०००००।0 | १०००००।0 |
| १४ | साक्षरता घोषणा अभियान | | 0 | ६०००० |
| | | | **१७४००००।0** | **१८००००0।0** |

**निर्णय नं. ३**

यस जिल्लामा निर्माणाधिन रहेको आवधिक जिल्ला विकास योजनाको Nist PVT बाट प्रारम्भिक प्रतिबेदन एवं पार्श्वचित्रको प्रारम्भिक मस्यौदा यस कार्यालयमा पेश भईसकेको तथा उक्त कार्य सम्पन्न गर्न Nist PVT लाई अन्तिम पटकका लागि भनि म्याद थप गरिएकोमा आ.जि.वि.योको थप कार्य गर्न उक्त समयावधिले नभियाउने देखिएको र म्याद थपका लागि उक्त संस्था बाट २०७३ कार्तिम १२ गते यस कार्यालयमा निबेदन पेश गरेको हुंदा थप कार्यका लागि उक्त संस्था संग भएको सम्झौताको म्याद थप गर्नका लागि २०७३ पौष मसान्त सम्म जि.वि.स.को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

सडक बोर्ड नेपालबाट जिल्ला विकास समितिको कार्यालयलाई स्थानीय सडक मर्मत कार्यका लागि रु. ५३,००,०००/ त्रिपन्न लाख मात्र वजेट प्राप्त भएको web site मार्फत जानकारी प्राप्त भए अनुसार तपसिलका सडकमा बजेट विनियोजन गरी ल.ई कार्यक्रम तयार गरी कार्यान्वयन गर्न आवश्यक प्रकृया संचालन गर्ने निर्णय गरियो ।

तपसिल:

१) बागबजार बगरकोट भागेश्वर (पर्छेटा भागेश्वर खण्ड) २८ लाख

२) बसुडर जोगबुडा गाईबाधे लिप्ना (पन्तुरा लिप्ना खण्ड) २५ लाख